**मितिः** अपनत्वमा

# काठमाडौं महानगरपालिका र सांस्कृतिक संस्थान राष्ट्रिय नाचघर बीच

# सम्भावित संयुक्त नीति तथा कार्यक्रम

काठमाडौं महानगरपालिकाको दीर्घकालीन सोच ***"सांस्कृतिक सहर, समृद्ध महानगर"*** लाई सार्थक पार्न संस्कृति संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि अपरिहार्य क्रियाकलापहरुः-

प्रस्तोताः
किरण बाबु पुन
महाप्रबन्धक

| क्र.सं | नीति | कार्यक्रम | उपलब्धि |
|---|---|---|---|
| १. | ❑ मिथकीय संस्कृति संरक्षण<br><br>❑ किंवदन्तीय संस्कृति संरक्षण | ❑ मञ्जुश्री सम्बन्धी मिथकीय नाटक मञ्चन तथा प्रदर्शन ।<br><br>❑ उपत्यकाबासीले परम्परादेखि मान्दै आएका ऐतिहासिक, धार्मिक, सांस्कृतिक किंवदन्तीसँग सम्बन्धि नाटक मञ्चन तथा प्रदर्शन । | ❑ लोकविश्वास अनुसार मञ्जुश्रीलाई नेपालका सृष्टिकर्ता भनी मानिएको छ । तसर्थ मञ्जुश्रीको गरिमा, महिमा तथा अन्य धार्मिक, ऐतिहासिक, सांस्कृतिक किंवदन्तीहरु उपत्यकाबासीलाई प्राणप्रिय लाग्छ । यसलाई श्रव्यदृश्य संरक्षणको प्रयास हालसम्म नभएकोले नाटक मञ्चनगरी कामपाको टोलटोलमा प्रदर्शन गर्नसके मिथकीय संस्कृति संरक्षण र पुस्तान्तरण हुनुका साथै जनमनमा मेयर सापको अझै अटुट प्रभाव पर्नेछ । |

| क.सं | नीति | कार्यक्रम | उपलब्धि |
|---|---|---|---|
| २. | ❑ विद्यालयमा नैतिक सांस्कृतिक कार्यक्रम | ❑ "काठमाडौं महानगरपालिकाको इच्छा, सामुदायिक विद्यालयमा सांस्कृतिक शिक्षा" भन्ने श्लोगन सहित कामपाको मौलिक संस्कृति पुस्तान्तरण तथा विद्यार्थीलाई मानसिक रुपमा तन्दुरुस्त गराउन कामपाका सम्पूर्ण सामुदायिक विद्यालयमा साप्ताहिक रुपमा नैतिक सांस्कृतिक कार्यक्रम सञ्चालन । सांस्कृतिक संस्थानको मेघा हलमा समेत विद्यार्थी सहभागी गराई कार्यक्रम प्रस्तुतीकरण तथा प्रशिक्षणको कार्यक्रम समेत गर्न सकिनेछ ।<br>❑ शिक्षालाई व्यावहारिक बनाउन पाठ्यक्रममा आधारित कथा, एकाङ्की, नाटक, उपन्यास आदिलाई नाट्य रुपान्तरणगरी प्रदर्शन । | ❑ डिजिटल युगसँगै बाल मनोविज्ञानमा पाश्चात्य संस्कृतिको हाबी हुने तथा मौलिक संस्कृति सम्बन्धी अभिलाषा ह्रास हुने प्रवृत्ति देखा परेकाले यसलाई सुसंस्कृत बनाउन बाल मस्तिष्कमा मौलिक संस्कृति सम्बन्धी ज्ञान र सीप सम्प्रेषण हुन अपरिहार्य छ । त्यसका लागि सर्वप्रथम सामुदायिक विद्यालयमा नैतिक सांस्कृतिक कार्यक्रम मार्फत ज्ञान सम्प्रेषण गर्नसके मेयर सापको प्रभाव बालबालिकामा गहिरो रुपमा पर्नेछ ।<br>❑ शिक्षालाई व्यावहारिक बनाउन मद्दत पुग्नेछ । |

| क.सं | नीति | कार्यक्रम | उपलब्धि |
|---|---|---|---|
| ३. | ❑ सांस्कृतिक पर्यटन<br>❑ संस्कृति+प्रवृद्धि+ जनशक्ति=समृद्धि | ❑ कामपा भित्रका पर्यटकीय स्थलहरुमा प्रत्येक दिन कामपा विशेष लोकसंस्कृति प्रदर्शनी कार्यक्रम । | ❑ जस्तै: बसन्तपुर, नारायणहिटी दरबार सङ्ग्रहालय, ठमेल, विभिन्न डबलीहरु आदिमा प्रत्येक दिन पर्यटन लक्षित सांस्कृतिक कार्यक्रम गर्नसके मेयर सापको दीर्घकालीन सोचलाई साकार पार्न मद्दत पुग्नेछ । |

Book Free Friday सामुदायिक विद्यालय सङ्गीत तथा नाटक प्रशिक्षण कार्यक्रम
सांस्कृतिक संस्थान मार्फत उपलब्ध गराउन सकिने सेवाहरू:

- साताको प्रत्येक शुक्रबार विद्यार्थीलाई सङ्गीत (गायन, वादन, नृत्य) तथा नाटक (अभिनय) प्रशिक्षण गराउन सकिने ।
- सम्बन्धित सामुदायिक विद्यालयमा वा पायक पर्ने विद्यालयको हकमा सांस्कृतिक संस्थान मै अनुकुल समयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सकिने ।
- प्रशिक्षणका लागि विज्ञ प्रशिक्षकहरू उपलब्ध गराउन सकिने ।
- कम्तीमा मासिक एक पटक सम्पूर्ण सामुदायिक विद्यालयमा प्रशिक्षण कक्षाको अनुगमन गर्न सकिने ।
- प्रशिक्षणका लागि आवश्यक सम्पूर्ण सामग्री, उपकरण, प्रविधि तथा उपयुक्त कक्ष निर्माणका लागि सहजीकरण गर्न सकिने ।

Book Free Friday सामुदायिक विद्यालय संङ्गीत तथा नाटक प्रशिक्षण कार्यक्रम

सांस्कृतिक संस्थान मार्फत उपलब्ध गराउन सकिने सेवाहरुः

- काठमाडौं उपत्यकाको लोकसंस्कृति र बाल मनोविज्ञानलाई विशेष मध्य नजर गरी प्रभावकारी प्रशिक्षण पाठ्यक्रम निर्माण गर्न सकिने ।
- शिक्षालाई व्यावहारिक बनाउन पाठ्यक्रममा आधारित कथा, एकाङ्की, नाटक, उपन्यास, कविता आदिलाई नाट्य रुपान्तरण सँगै नाटक एवम् गीति नाटकका रूपमा मञ्चन गरी प्रदर्शन गर्न सकिने ।
- डिजिटल युगसँगै सामुदायिक विद्यालयको स्तरोन्नतिका लागि विभिन्न शैक्षिक डकुमेन्ट्री तथा श्रव्य दृश्य सामग्री निर्माण गर्न सकिने ।
- संङ्गीत तथा नाटकसँगै नेपाली मौलिक संस्कृति सम्बन्धी ज्ञान तथा सीपको प्रशिक्षण गराउन सकिने ।

Book Free Friday सामुदायिक विद्यालय संङ्गीत तथा नाटक प्रशिक्षण कार्यक्रम

सांस्कृतिक संस्थान मार्फत उपलब्ध गराउन सकिने सेवाहरु:

- प्रशिक्षकको सेवा, सुविधाबारे आपसी छलफलमा व्यवस्थापन गर्न सकिने ।
- शैक्षिक सत्रको अन्तिममा सम्पूर्ण सामुदायिक विद्यालयका विद्यार्थीहरुको प्रतियोगिता कार्यक्रम उत्सवका रूपमा कम्तीमा ३ दिनसम्म सञ्चालन गरी विद्यार्थीको प्रतिभा प्रस्तुतिकरण कार्यक्रम सांस्कृतिक संस्थानको मेघा प्रेक्षालयमा गर्न सकिने । प्रतियोगिताबाट प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई बाल प्रतिभाको उच्च मनोबलका लागि महानगरको अपनत्वमा नगर प्रमुख तथा उपप्रमुखज्यूको हातबाट उचित पुरस्कार दिने व्यवस्थापन गर्न सकिने

# सांस्कृतिक संस्थानको दीर्घकालीन सोच

संस्कृति प्रतिको चिन्तन र दृष्टिकोण राज्यस्तरबाटै फराकिलो बनाई 'संस्कृति, प्रकृति र जनशक्ति' बीच सुन्दर समायोजन गर्न सके मात्र 'सांस्कृतिक स्रोत, प्राकृतिक स्रोत र मानवीय स्रोत'को उचित सदुपयोग हुन पुग्छ । यसबाट संस्कृति र प्रकृतिको संरक्षण, संवद्र्धन, प्रवद्र्धन सहित 'सांस्कृतिक पर्यटन'को विकाससँगै रोजगारीको वातावरण सिर्जना तथा आर्थिक समृद्धि सम्भव छ ।

“संस्कृति + प्रकृति + जनशक्ति = समृद्धि”

संस्थानको दीर्घकालीन सोच “संस्कृतिलाई उत्पादनतर्फ जोड दिई सांस्कृतिक उत्पादन, सांस्कृतिक पर्यटन र डिजिटल उत्पादन मार्फत सांस्कृतिक उद्योगको रूपमा विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्नु तथा संस्कृति संरक्षण, संवद्र्धन, प्रवद्र्धन र पुस्तान्तरणका लागि अमूर्त संस्कृतिहरुलाई विश्व सांस्कृतिक सम्पदामा सूचीकरण गर्नु”

# विशेष गरी उत्पादनतर्फ ३ विषयवस्तु:

१.सांस्कृतिक उत्पादन:
संस्कृति सम्बन्धी कला, ज्ञान तथा सीपहरु उत्पादन (प्रशिक्षण) र व्यावसायिक सांस्कृतिक कार्यक्रम उत्पादनमा जोड ।

२.सांस्कृतिक पर्यटन:
सांस्कृर्तिक स्रोत र प्राकृतिक स्रोतको समायोजनबाट सांस्कृतिक पर्यटनको मार्ग निर्माण हुन्छ । संस्कृति र प्रकृतिको दृष्टिकोणले विश्वमै समृद्ध राष्ट्र नेपालमा सांस्कृतिक पर्यटनको विकासका लागि पर्यटकीय क्षेत्रहरुमा सांस्कृतिक संस्थानका घरहरु निर्माण गरी शाखाको रुपमा विस्तारसँगै पर्यटक लक्षित कार्यक्रम उत्पादन गरी रैथाने खाना सहित हरेक जातजातिको मौलिक संस्कृति प्रदर्शन मार्फत अर्थ उपार्जनको मार्ग निर्माणमा जोड । (आ.व.०८१/८२ को बजेट अन्तर्गत नुवाकोटको घ्याङस्वाँरामा सांस्कृतिक घर निर्माण सुरुवात)

३. डिजिटल उत्पादन:

डिजिटल युगसँगै संस्कृतिको प्रवद्र्धनका लागि लोपोन्मुख सांस्कृतिक कार्यक्रम उत्पादन गरी डिजिटल प्रविधि मार्फत विश्वभरी सम्प्रेषण गरी अर्थ उपार्जनको मार्ग शत प्रतिशत सम्भव छ । त्यसका लागि सांस्कृतिक कार्यक्रमलाई डिजिटल प्रविधि मार्फत Globally Movement गर्ने, डिजिटल सांस्कृतिक सङ्ग्रहालय निर्माण, एप निर्माण, फेसबुक-इन्स्टा-ट्वीटर आदि पेज मनिटाइज तथा डिजिटल प्रविधि मार्फत उत्पादनमूलक क्रियाकलाप गर्ने विश्वबजारका कम्पनीसँग कानुन सम्मत आधिकारिक रुपमा सम्झौता गरी डिजिटल उत्पादनको मार्ग निर्माणमा जोड ।

## सूचीकरण अभियानः

संस्कृति संरक्षणका लागि विविध जातिका अमूर्त संस्कृतिहरुलाई विश्व सांस्कृतिक सम्पदा सूचीमा सूचीकरण गर्नु अत्यावश्यक छ । त्यसका लागि युनेस्कोसँग तीव्र रुपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समन्वय गरी नीति निर्माण कार्य सम्पादनसँगै कार्यान्वयनतर्फ अग्रसर हुन जरुरी छ, यसमा संस्थानले गम्भीरतापूर्वक चिन्ता र चासो सहित आफ्नो भूमिका निर्वाह गर्नेछ ।

संस्कृतिको विषय प्रति नेपाल सरकारद्वारा गम्भीरतापूर्वक ध्यानाकर्षण गरी संस्कृतिलाई उत्पादनसँग जोड्ने स्पष्ट राज्य नीति बनाई कार्यान्वयन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा विस्तार गर्न सकेमात्र संस्कृतिबाटै समृद्ध नेपाल सम्भव छ ।




किरण बाबु पुन
महाप्रबन्धक